FN 30

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
## DHARAN SUB-METROPOLITAN CITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

शिक्षा, युवा तथा खेलकुद महाशाखा

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-

चलानी नं. :- 2562

मिति : २०७७/०८/२४

**विषय : विद्यालय सञ्चालन तथा शुल्क निर्धारण सम्बंन्धमा ।**

श्री सम्पूर्ण विद्यालयहरू (सामुदायिक तथा संस्थागत विद्यालयहरू)

धरान उपमहानगरपालिका धरान, सुनसरी ।

प्रस्तुत विषयमा मिति २०७७/०८/२४ को (नगर प्रमुख) स्तरीय निर्णयबाट तपसिल बमोजिमका निर्णय भएकाले सम्बन्धित सबै सरोकारवाला पक्षहरूलाई यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**तपसिल :**

१) नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले **विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७** मिति २०७७/०७/२० मा मा. मन्त्रीस्तरबाट स्वीकृत भइ विश्व स्वास्थ्य संगठन, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको कोभिड- १९ सम्बन्धी स्वास्थ्य मापदण्डको पूर्ण रूपमा परिपालना गरी गराई सम्बन्धित विद्यालयहरूले यस कार्यालयमा पेस गरेको विद्यालय सञ्चालन प्रस्ताव अनुसार साथै तपसिलका बुँदाहरूलाई समेत ध्यान दिई मिति २०७७/०८।२५ गतेदेखि विद्यालय सञ्चालन गर्ने गराउने ।

तपसिल :

१.१) कक्षागत अभिभावक भेला गराई कोभिड- १९ को सङ्क्रमण तथा विद्यार्थीहरूको स्वास्थ्य सुरक्षाका सम्बन्धमा छलफल तथा सचेतीकरण गराउने र प्राप्त राय सुझावको आधारलाई समेत मनन गरी विद्यालय सञ्चालन गर्ने गराउने,

१.२) सम्बन्धित वडाका जनप्रतिनिधिहरूसँग विद्यालय सञ्चालनका बारेमा समन्वय गर्ने गराउने,

१.३) विद्यालयको भौतिक अवस्थालाई मध्यनजर गरी एक बेन्चमा बढीमा २ (दुई) जना र एक कोठामा बढीमा २५ (पच्चिस) जनासम्म विद्यार्थी बस्ने व्यवस्था मिलाउने,

१.४) पठनपाठन सञ्चालन गर्नुपूर्व दैनिक रूपमा कक्षाकोठालाई सेनिटाइज गर्नुपर्ने,

१.५) विद्यालय प्रवेश गर्नु अगाडि विद्यालयको प्रवेशद्वारमा शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूको दैनिक रूपमा तापक्रम मापन गरेर मात्र विद्यालय हाताभित्र प्रवेश गराइनुपर्ने,

१.६) अनिवार्य रूपमा सेनिटाइजर अथवा साबुनपानीले हात धुने व्यवस्था मिलाउनुपर्ने,

education@dharan.gov.np

कार्यकारी अधिकृत: ०२५-५२०२७९, आर्थिक प्रशासन: ५२५४९०, सूचना, राजस्व: ५२०१०९, कार्यालय: ५२०४०७, ५२०६३६, ५२०८१३ फ्याक्स: ५२११९१ वरुणयन्त्र: १०१, ५२०११९

E-mail: info@dharan.gov.np, Website: http://www.dharan.gov.np

१.७) खाजा समयलाई सकेसम्म छोट्याउनुपर्ने ।

१.८) शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूले अनिवार्य रूपमा मास्कको प्रयोग गर्नुपर्ने,

१.९) **"विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७"** को पूर्ण रूपमा परिपालना गर्नुपर्ने ।

**संस्थागत विद्यालयहरूले लिने शुल्क सम्बन्धमा :**

१) विद्यालय संचालक/संस्थापक तथा अभिभावकहरूका बीचमा आपसी सहमती तथा समझदारी भएको खण्डमा सोही बमोजिम मासिक शुल्क तथा वार्षिक शुल्क कायम गर्ने, सहमती तथा समझदारी नभएको खण्डमा निम्नानुसारको गत शैक्षिक सत्रमा कायम भएको मासिक शुल्क तथा वार्षिक शुल्कको आधारमा देहायबमोजिम गर्ने,

१.१ विद्यालयहरूले लिने वार्षिक शुल्कका सम्बन्धमा :

| **क्र. सं.** | **गत वर्षको वार्षिक शुल्क** | **चालु वर्षमा लिन पाउने अधिकतम वार्षिक शुल्क प्रतिशत** | **कैफियत** |
|---|---|---|---|
| १. | रु. ६०००। (छ हजार) सम्म | ५० | रु. ३०००। (तीन हजार) भन्दा कम वार्षिक शुल्क लिने विद्यालयहरूले गत वर्ष लिने गरेको वार्षिक शुल्क रकम बराबरी मात्र लिने । |
| २ | रु. ६०००। (छ हजार) भन्दा माथि रु.९०००। (नौ हजार) सम्म | ४० | |
| ३. | रु.९०००। (नौ हजार) भन्दा माथि रु. १२०००। (बाह्र हजार) सम्म | ३५ | |
| ४. | रु. १२०००। (बाह्र हजार) भन्दा माथि रु.१५०००। (पन्ध्र हजार) सम्म | ३० | |
| ५. | रु. १५०००। (पन्ध्र हजार) देखि २८०००। (अठ्ठाइस हजार) वा सो भन्दा माथि जतिसुकै भएपनि | २५ | अधिकतम रु. ७०००। (सात हजार) मा नबढ्ने गरी वार्षिक शुल्क लिने । |

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

FN 30

# धरान उपमहानगरपालिका
# DHARAN SUB-METROPOLITAN CITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

शिक्षा, युवा तथा खेलकुद महाशाखा

पत्र संख्या :-

चलानी नं. :-

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल

Dharan, Sunsari, Province No. 1, Nepal

माथी उल्लेखीत प्रकरण १.१ को क्र.स. १ बाहेक बार्षिक शुल्क व्यवस्थामा प्रतिशतबाट हिसाव गर्दा जतिसुकै आए पनि न्युनतम रु३०००। (तीन हजार) र अधिकतम रु ७०००। (सात हजार) मा नबढ्ने गरी लिन पाउने ।

१.२ विद्यालयले लिने मासिक शुल्कका सम्बन्धमा असोज महिनादेखि गत वर्ष कायमा भएको शुल्क मात्र लिने,

२.३ असोज महिनाभन्दा अगाडि अनलाइन कक्षा सञ्चालन गरेका विद्यालयहरूले अनलाइन कक्षामा सहभागी भएका विद्यार्थीहरूबाट मात्र मासिक शुल्कको आधा (पचास प्रतिशत) मात्र लिन पाउने ।

.........................

रत्नबहादुर कटुवाल

उपसचिव

**बोधार्थ :**

श्रीमान् नगर प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिकाको कार्यालय : जानकारीका लागि ।

श्रीमान् नगर उप-प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिकाको कार्यालय : जानकारीका लागि ।

श्री सूचना शाखा, धरान उमनपा : पत्र website मा राखिदिनु हुन ।

श्री प्याब्सन धरान, आवश्यक समन्वय र सहजीकरण गरिदिनु हुन ।

श्री एन. प्याब्सन धरान, आवश्यक समन्वय र सहजीकरण गरिदिनु हुन ।

श्री ए.सि.सि धरान, आवश्यक समन्वय र सहजीकरण गरिदिनु हुन ।

education@dharan.gov.np